**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ जून २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. प्रधान मन्त्री नरेन्द्र मोदीले देशका १४० करोड नागरिकहरूको आकांक्षाहरू निश्चित रूपमा पूरा हुने र एनडीएले सधैं राष्ट्रको विश्वासलाई बलियो बनाएको बताउनुभयो।

२. पश्चिम बंगाल सरकारको मन्त्रीपरिषदमा विभाग बाँडफाँड गरिएको छ।

३. राज्यका नयाँ वित्त मंत्री स्वपन दासगुप्ताले राज्यको आय वृद्धि सरकारको सबैभन्दा ठूलो प्राथमिकता हुने बताउनु भएको छ।

४. हिल तराई आगनबाडी कर्मी सहकर्मी सगठनद्वारा दार्जिलिङका विधायक नोमन राईलाई भेटघाट गरी ज्ञापन चडाएका छन।

५. विश्वको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता फिफा विश्वकप २०२६ आजदेखि सुरु हुँदैछ।

**पीएम-एनडीए बैठक**

प्रधान मन्त्री नरेन्द्र मोदीले देशका १४० करोड नागरिकहरूको आकांक्षाहरू निश्चित रूपमा पूरा हुने र एनडीएले सधैं राष्ट्रको विश्वासलाई बलियो बनाएको बताउनुभयो। नयाँ दिल्लीको भारत मण्डपममा आयोजित एनडीए सम्मेलनलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, विगत १२ वर्षमा २५ करोडभन्दा बढी मानिसहरू गरिबी रेखाबाट बाहिर आउनु सरकारको सही नीति र सही दिशाको प्रमाण हो। विकसित भारतको सपना अब हरेक नागरिकको संकल्प बनेको प्रधानमन्त्री बताउनु भयो। यसअघि एनडीएले प्रधानमन्त्री नरेन्द्र मोदीलाई देशको सबैभन्दा लामो समयसम्म निर्वाचित प्रधानमन्त्री बनेकोमा बधाई दिँदै विशेष प्रस्ताव पारित गरेको थियो। सम्मेलनमा एनडीएका सबै सहयोगीका प्रमुख नेताहरू, मुख्यमन्त्रीहरू र उपमुख्यमन्त्रीहरू उपस्थित थिए।

**भाग-बंटवारा**

पश्चिम बंगालको नयाँ सरकारमा मुख्यमन्त्री शुभेन्दु अधिकारीले मन्त्रीपरिषदमा विभाग बाँडफाँड गर्नुभएको छ। राज्य सरकारको गृह र पहाडी मामिला विभागले जारी गरेको एक अधिसूचनाका अनुसार मुख्यमन्त्रीले धेरै महत्त्वपूर्ण विभागहरू कायम राख्नुभयो भने क्याबिनेट मन्त्रीहरू, स्वतन्त्र प्रभारका राज्य मन्त्रीहरू र राज्यमन्त्रीहरूलाई विभिन्न जिम्मेवारीहरू दिइएको छ।

**जसमा निसिथ प्रमाणिकलाई उत्तर बंगाल विकास विभाग र जल संसाधन अनुसन्धान तथा विकास विभागको जिम्मेवारी दिइएको छ भने अशोक कीर्तनियालाई खाद्य तथा आपूर्ति विभाग र सहयोग विभागको जिम्मेवारी दिइएको छ।यस्तै दिलीप घोषलाई पञ्चायत तथा ग्रामीण विकास विभाग, खुदीराम टुडुलाई आदिवासी अल्पसंख्यक मामिला र मदरसा शिक्षा विभाग, अग्निमित्रा पललाई सहरी विकास तथा सहरी मामिला विभाग. दीपक बर्मनलाई स्कूल शिक्षा, तापस रायलाई उद्योग, वाणिज्य विभाग शंकर घोषलाई संसदीय मामिला र पर्यटन विभाग. मनोजकुमार उरांवलाई वन विभाग,अर्जुन सिंहलाई श्रम र यातायात विभाग, गौरीशंकर घोषलाई पिछडिएको वर्ग कल्याण विभाग, जगन्नाथ चट्टोपाध्यायलाई उच्च शिक्षा, स्वपन दासगुप्तालाई राज्यको वित्त विभाग, कल्याण चक्रवर्तीलाई सूचना प्रविधि र इलेक्ट्रोनिक्स विभाग, डा. शरद्वत मुखर्जीलाई स्वास्थ्य र परिवार कल्याण विभागको जिम्मेवारी दिइएको छ। यस्तै सिँचाइ तथा जलमार्ग विभागको जिम्मा अरूपकुमार दासलाई दिइएको छ भने अजयकुमार पोद्दारलाई लोक स्वास्थ्य अभियंत्रण विभाग र दुग्ध कुमार मण्डललाई कृषि विभागको जिम्मा दिइएको छ।**

**शुभेन्दु सरकारमा तीन राज्यमन्त्रीलाई स्वतन्त्र प्रभार दिइएको छ। जसमा मालती रावा राय, राजेश महता र डा इन्द्रनील खान सामेल छन। यस्तै शुभेन्दु सरकारमा १९ विधायकलाई राज्यमन्त्री बनाइएको छ। जसमा उत्तर बगालबाट आनन्दमय बर्मनलाई यातायात विभाग र**

**अर्थ मन्त्रालयको राज्य मन्त्री बनाइएको छ भने विशाल लामालाई गृह र पहाडी मामिला विभाग, अल्पसंख्यक मामिला र मदरसा शिक्षा विभागको जिम्मेवारी दिइएको छ।**

## पश्चिम बंगाल-आई सी सी

भारतीय वाणिज्य मंडल-आई.सी.सी.ले पश्चिम बंगालमा आफ्ना सदस्य कम्पनीहरूमार्फत एक लाख करोड निवेश प्रवर्द्धन गर्ने योजना बनाएको छ। नयाँ दिल्लीमा आईसीसीका अध्यक्ष बृजभूषण अग्रवाल र केन्द्रीय मन्त्री जितेन्द्र सिंहको नेतृत्वमा भएको प्रतिनिधिमण्डलबीच भएको भेटवार्तामा सो छलफल भएको थियो। आईसीसीले पश्चिम बंगालमा आर्थिक गतिविधिलाई लिएर नयाँ उत्साह र सकारात्मक वातावरण बनेको जनाएको छ। यसले राज्यको आर्थिक वृद्धिलाई गति दिनेछ र लगानीको लागि आकर्षक गन्तव्यको रूपमा यसको पहिचानलाई अझ बलियो बनाउनेछ। भारतीय वाणिज्य मंडलको स्थापना सन् १९२५ मा उद्योगपति घनश्यामदास बिरला र अन्य व्यापारिक नेताहरूले गरेका थिए। यो देशको सबैभन्दा पुरानो उद्योग सङ्घहरू मध्ये एक हो।

## स्वपन दासगुप्ता

पश्चिम बंगालका नयाँ वित्त मंत्री स्वपन दासगुप्ताले पदभार ग्रहण गरेपछि राज्यको आय वृद्धि सरकारको सबैभन्दा ठूलो प्राथमिकता हुने बताउनु भएको छ। उहाले राज्यको आर्थिक प्रणालीमा कमजोरी र राजस्व बढाउने नयाँ तरिकाहरू पहिचान गरिने बताउनुभयो। कार्यभार सम्हालेपछि पत्रकारहरूसँग कुरा गर्दै स्वपन दासगुप्ताले कल्याणकारी योजनाहरू सफलतापूर्वक सञ्चालन गर्न राज्यको आय बढाउनु आवश्यक रहेको बताउनु भयो। उत्तर बङ्गालको विकास सरकारको प्राथमिकतामध्ये एक भएको बताउँदै स्वपन दासगुप्ताले उत्तर बङ्गालको भ्रमण गर्ने बताउनु भयो भने चिया बगानका कामदारहरूलाई उनीहरूको समस्या जान्न र समाधानको लागि कदम चाल्न प्रयास गर्ने बताउनुभयो।

## विधायक-नोमन-राई

हिल तराई आगनबाडी कर्मी सहकर्मी सगठनद्वारा आफुहरुले भोग्नुपरेको विभिन्न समस्याहरुलाई अवगत गराउदै दार्जिलिङका विधायक नोमन राईलाई भेटघाट गरी ज्ञापन चडाएका छन। सगठनको पक्षमा पुस्प लामाको नेतृत्वमा गएको प्रतिनिधित्व टोलीले आगनबाडी कर्मचारीहरुले भोगिरहनु परेको समस्याहरुलाई बिशेश रूपमा उठाए। जसमा मासिक रूपमा पाउनुपर्ने अनेरियम समयमा  नपाएको, विगत लामो समयदेखि साहिका कर्मचारीहरुको पदोन्नति हुन नसकेको, आगनबाडी केन्द्रहरुमा रहेको रिक्त पदहरु चाडै हुनुपर्ने लगायतका विविध मागहरु सामेल छन। यसैबीच विधायक राईले यसबारेमा आफुले गम्भीरतापुर्वक लिने बताउनुभएको प्रतिनिधि टोलीले बताएका छन।

## चलचित्र अध्ययन

भारतीय नेपाली चलचित्र अध्ययनको क्षेत्रमा महत्त्वपूर्ण योगदानस्वरूप ‘चलचित्र अध्ययन: सिद्धान्त र प्रयोग’ पुस्तकको लोकार्पण गरिएको छ। उक्त पुस्तक साउथ फिल्ड कलेज, दार्जिलिङको नेपाली विभागका सहायक प्राध्यापक कुशल घिमिरेले सम्पादन गरेका हुन्। पुस्तकको औपचारिक लोकार्पण बुधवार दार्जिलिङस्थित गामा बुक्समा सम्पन्न गरियो भने यस कृतिमा नेपाली र अंग्रेजी भाषाका २७ वटा लेखहरू समावेश छन्, जसलाई अनुसन्धानकर्ता, लेखक तथा कलाकारहरूले योगदान दिएका छन्।

## फिफा विश्वकप

विश्वको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता फिफा विश्वकप २०२६ आजदेखि सुरु हुँदैछ। यो प्रतियोगिता जुलाई १९ सम्म अमेरिका, क्यानडा र मेक्सिकोमा हुनेछ। फिफा विश्वकपको यो अहिलेसम्मकै ठूलो संस्करण हो।पहिलो पटक ४८ टिमको सहभागिता जनाएको छ भने यसअघिको संस्करणमा ३२ टिमले सहभागिता जनाएका थिए। आयोजक अमेरिका, क्यानडा र मेक्सिकोले विश्वकपमा सिधै प्रवेश पाउने भएका छन्। अन्य ४५ टिमले दुई वर्ष लामो छनोट अभियान पार गरेका छन्।प्रतियोगितामा १२ समूह रहेका छन्, प्रतियोगितामा १०४ खेल हुनेछन्। समूह चरणका ७२ र नकआउट ३२ खेल हुनेछन्। प्रतियोगिताको फाइनल खेल जुलाई १९ मा हुनेछ।

****** ० ******